बैठक नं. ६८
आ.व.२०८२।०८३

मिति : २०८२।०७।१६
समय : दिउँसो १:०० बजे
स्थान : नगरपालिकाको कार्यालय

आज मिति २०८२।०७।१६ गतेका दिन यस घोडाघोडी नगरपालिकाका नगर प्रमुख श्री खडक बहादुर रावत ज्यूको अध्यक्षतामा तपशिलको उपस्थितीमा नगरकार्यपालिकाको बैठक वसी निम्न बमोजिमका प्रस्तावहरु माथि छलफल गरि निम्नानुसारको निर्णय गरियो ।

उपस्थिती :

१) नगर प्रमुख श्री खडक बहादुर रावत
२) नगर उप-प्रमुख श्री गुलिया कुमारी चौधरी
३) वडा नं. १वडा अध्यक्ष श्री घनश्याम ओझा
४) वडा नं. २ वडा अध्यक्ष श्री लक्ष्मी प्रसाद चौधरी
५) वडा नं. ३ वडा अध्यक्ष श्री कृष्ण प्रसाद गौतम
६) वडा नं. ४ वडा अध्यक्ष श्री भरत बहादुर शाही
७) वडा नं. ५ वडा अध्यक्ष श्री लोक बहादुर चन्द
८) वडा नं. ६ वडा अध्यक्ष श्री धन बहादुर चौधरी
९) वडा नं.७ वडा अध्यक्ष श्री जुगराम डगौरा
१०) वडा नं. ८ वडा अध्यक्ष श्री विर बहादुर साउँद
११) वडा नं. ९ वडा अध्यक्ष श्री हरिचन्द्र शाह
१२) वडा नं. १०वडा अध्यक्ष श्री विजय राज स्वार
१३) वडा नं. ११वडा अध्यक्ष श्री दान सिंह जोगी
१४) वडा नं. १२ वडा अध्यक्ष श्री राम दुलारे चौधरी
१५) नगरकार्यपालिका सदस्य (वडा नं. २) श्री गिता सुनार
१६) नगरकार्यपालिका सदस्य (वडा नं. ३) श्री विस्ना देवी डगौरा
१७) नगरकार्यपालिका सदस्य (वडा नं. ६) श्री कमला कुमारी वि.क. चुनारा
१८) नगरकार्यपालिका सदस्य(वडा नं. ८) श्री भवीसरा भण्डारी
१९) नगरकार्यपालिका सदस्य (वडा नं. १०) श्री मिना कुमारी वि.क.
२०) नगरकार्यपालिका सदस्य(वडा नं. ३) श्री भक्त बहादुर वि.क.
२१) नगरकार्यपालिका सदस्य (वडा नं. ४) श्री टेकेन्द्र बहादुर नेपाली
२२) नगरकार्यपालिका सदस्य (वडा नं. १२) श्री आकाश परियार
२३) नगरकार्यपालिका सचिव श्री शिव सिंह भण्डारी

घोडाघोडी नगरपालिकाको आ.व.२०८२।०८३ बैठक नं ६८ मा प्रस्तुत भएका प्रस्ताव र भएका निर्णयहरु

बैठक मिति : २०८२।०७।१६ समय : दिउँसो १:०० बजे

बैठकको अध्यक्षता : नगर प्रमुख श्री खडक बहादुर रावत

| |
|---|
| प्रस्तावहरु :<br>१) नगर सभाको हिउँदे अधिवेशन सम्बन्धमा ।<br>२) संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) सम्बन्धमा ।<br>३) खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको डिपो स्थापना सम्बन्धमा<br>४) काजक्रिया खर्च सहयोग सम्बन्धमा । |
| निर्णयका कानुनी आधार : स्थानीय सरकार सञ्चालन ऐन २०७४ र अन्य सम्बद्ध ऐन कानुनहरु |
| निर्णयहरु :<br>निर्णय नं. १. प्रस्ताव नं. १ माथि आवश्यक छलफल गर्दा चालु आ.व.२०८२/०८३ को बजेट कार्यान्वयनको चरणमै रहदा भएको भाद्र २३ र २४ को जेन जेड आन्दोलनबाट सृजित भौतिक क्षति भएका भवनहरुको पुन निर्माण गर्नका लागि बजेट व्यवस्था गर्न तत्काल बजेट संशोधन गर्न हिउँदे नगर सभा बस्नुपर्ने भएकोले उक्त सभाको तयारीको लागी सबै वडा कार्यालय र शाखाहरु तथा नगरका बजेट संशोधनको लागि आवश्यक निर्णय गरि सभामा पेश गर्न मिति २०८२/७/२८ गते कार्यपालिका बैठक बस्ने निर्णय गरियो । |
| निर्णय नं. २. प्रस्ताव नं. २ माथि आवश्यक छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा व्यवस्था भए बमोजिम स्थानीय तहले आफनो राजश्वको क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टताका आधारमा व्यवस्थापन सर्वेक्षण गर्नुपर्ने कानूनी व्यवस्था भए बमोजिम यस नगरपालिकाको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) परामर्श खर्च शिर्षकबाट गर्न कार्यलयलाई निर्देशन दिने निर्णय गरियो । |
| निर्णय नं. ३. प्रस्ताव नं. ३ माथि आवश्यक छलफल गर्दा यस नगरपालिकाका नागरिकलाई उपभोग्य वस्तुको सेवा तथा सुविधा दिन र उत्पादित कृषिजन्य बस्तुको बजारीकरण गर्न खाद्य डिपो आवश्यक भएकोले यस नगरपालिकमा खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको डिपो स्थापना गर्न सम्बन्धित निकायमा माग गर्ने निर्णय गरियो । |
| निर्णय नं. ४. प्रस्ताव नं. ४ माथि आवश्यक छलफल गर्दा यस नगरपालिकाका सबै वडाका गरिब विपन्न आर्थिक अवस्था कमजोर भएका र विभिन्न कारणले परिवारको सदस्य गुमाइ काजक्रिया खर्च उपलब्ध गराइ पाउँ भनि प्राप्त हुने निवेदन माग पत्रका सम्बन्धमा परिवारको आर्थिक अवस्थालाइ मध्यनजर गरि सम्बन्धित वडाको सिफारिसका आधारमा चालु आ.व. २०८२।०८३का लागि काजक्रिया खर्च स्वरुप वढीमा १५ हजार उपलब्ध गराउने निर्णय गरियो । |
| स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८४ को उपदफा २ ज बमोजिम प्रमाणीकरण<br>नाम : शिव सिंह भण्डारी<br>पद : कार्यपालिका सचिव<br>मिति : २०८२।०७।१६ |